IFRC

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घले नेपालको कर्णाली प्रदेशमा गएको भुकम्पमा गरिने प्रतिकार्यसम्बन्धी प्रयासहरूमा उपलब्ध गराउने सहयोगमा वृद्धि गरेको छ। सहयोगका लागि आपत्कालीन आह्वान जारी गरिएको छ ।

काठमाडौं/क्वालालम्पुर/जेनेभा, २४ कार्तिक २०८० - रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (International Federation of Red Cross and Red Crescent Societies–IFRC) ले नेपाल रेडक्रस सोसाइटीका राहत तथा प्रतिकार्यका प्रयासहरूलाई अभिवृद्धि गर्नका निमित्त स्विस फ्रयांक ५० लाखको आपत्कालीन अपिल जारी गरेको छ ।

गत शुक्रवारका दिन ६.४ म्याग्निच्युडको भूकम्पबाट ठीक मध्यरातभन्दा अघि पश्चिम नेपाल प्रभावित भएको थियो । यस भूकम्पबाट उल्लेखनीय क्षति भयो र विपत्ति पुर्‍यायो । कर्णाली प्रदेशको जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रबिन्दु रहेको यो भूकम्प यस वर्षमा यस क्षेत्रलाई प्रभावित गर्ने भूकम्पीय गतिविधिका शृंखलाहरूको सबभन्दा पछिल्लो गतिविधि हो । यस भूकम्पबाट ३०,००० घर पूर्ण रूपमा अथवा आंशिक रूपमा क्षति भएको र ३८,००० परिवारहरू प्रभावित भएको अनुमान गरिएको छ ।

विपद् गए लगतै, नेपाल रेडक्रस सोसाइटीले रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ तथा यसका साझेदारहरूको सहयोगमा स्थानीय अधिकारीहरूसँग मिलेर काम गरिरहेको छ । नेपाल रेडक्रसले प्रभावित व्यक्तिहरूका लागि खोजी तथा उद्धार कार्यको सञ्चालनमा सहयोग गरिरहेको छ, प्राथमिक उपचार, मनो-सामाजिक सहयोग, एम्बुलेन्स सेवा र तत्कालीन राहत सहयोग उपलब्ध गराइरहेको छ ।

भूकम्पपछि तत्काल, रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घले प्रभावित परिवारहरूलाई सहयोग गर्नका लागि विपत् प्रतिकार्यसम्बन्धी आपत्कालीन कोष (Disaster Response Emergency Fund - DREF) बाट स्विस फ्रयांक ७७७,३९१ विनियोजन गरेको थियो । नेपालमा कार्यरत राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरू तथा अन्य साझेदारहरूले पनि विपत्को यस घडीमा सहयोग उपलब्ध गराउने वचनबद्धता व्यक्त गरेका छन् ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घका काठमाडौंस्थित कार्यक्रम संयोजक तथा प्रवक्ता हर्भे गजेउ (Mr. Herve Gazeau) ले बताउनुभयोः “नेपाल रेडक्रस सोसाइटीले पहिलो दिनदेखि नै घटनास्थालमा कार्य गरिरहेको छ र अन्तर्राष्ट्रिय महासङ्घ तथा यसका साझेदारहरूको सहयोगमा प्रभावित जिल्लाहरूमा महत्वपूर्ण आपत्कालीन सेवा तथा राहत सहयोग प्रदान गरिरहेको छ । पहाडी क्षेत्रहरूमा रहेका यी जिल्लाहरू पहुँचका दृष्टिबाट तुलनात्मक रूपमा कठिन छन् । अतिसंकटासन्न व्यक्तिहरूसम्म पुग्नुपर्ने उद्देश्यका साथ हामी काम गरिरहेका छौँ र समय घर्किरहेको छ । यस्तो परिस्थितिमा अझ विशेष रूपमा जाडो याम आउन लागेको समयलाई ध्यानमा राखी भूकम्पबाट प्रभावित परिवारहरूलाई नेपालमा सहयोग गर्नका लागि अन्तर्राष्ट्रिय महासङ्घले अपिल जारी गरिरहेको छ ।”

“अन्तर्राष्ट्रिय महासङ्घ तथा यसका साझेदारहरू नेपाल रेडक्रसले यस क्षेत्रमा प्रभावित परिवारहरूलाई सहयोग उपलब्ध गराउन काम गरिरहेको समयमा यस प्रक्रियामा यस सोसाइटीलाई सहयोग गर्नका लागि निरन्तर सहयोग गर्ने वचनबद्धता व्यक्त गर्दछन् ।”

नेपाल रेडक्रस सोसाइटीले नेपालका सरकारका अधिकारीहरूसँग निकटमा रही मिलेर काम गरिरहेका छन र सहयोगलाई तीव्र पार्नका लागि स्थापित सम्बन्धलाई प्रयोगमा ल्याइरहेका छन । हाल गरिरहेका प्रयासहरूमा पाल, कम्बल र म्याट जस्ता अत्यावश्यक सामग्रीहरूको वितरण तथा अस्पतालहरूमा रहेका बिरामीहरुलाई रगत आपूर्तिका लागि तयारी गर्ने कार्य पर्दछन् । आफन्त गुमाएका व्यक्तिहरूका लागि संवेगात्मक कल्याण (emotional well-being) को आवश्यकतालाई पनि नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवक तथा प्रतिकार्य टोलीहरूद्वारा मनो-सामाजिक सहयोगको माध्यमबाट सम्बोधन गरिएको छ ।

हाल तत्कालीन सहयोग जारी छ तर यति हुँदाहुँदै पनि हजारौं प्रभावित परिवारहरू अर्को भकूम्पको त्रासमा र वैकल्पिक आवासको अभावमा खुला ठाउँमा रात बिताइरहेका छन् । जाडो याम प्रारम्भ भइसकेको अवस्थामा राहत, आवास तथा न्याना कपडाहरु जरुरी भएका छन् ।

**थप जानकारी**

नेपालको भूकम्पमा गरिएको प्रतिकार्यसम्बन्धी थप जानकारीका लागि नेपाल रेडक्रस सोसाइटीको वेबसाइट अथवा अन्तर्राष्ट्रिय महासङ्घको IFRC Appeal page हेर्नुहोस् ।

अन्तर्वार्ताका लागि अनुरोध गर्नका निमित्त कृपया **media@ifrc.org** मा सम्पर्क गर्नुहोस् ।

नेपालमा:
Herve Gazeau: +977 1 4285843: Herve.Gazeau@ifrc.org

क्वालालम्पुरमाः
Afrhill Rances: +60 19 271 3641

जेनेभामाः
Tommaso Della Longa: +41 79 708 43 67
Mrinalini Santhamam: +41 76 381 50 06

सञ्चार माध्यमहरूसँग सम्पर्कः
**International Federation of Red Cross and Red Crescent Societies (IFRC)**
**Geneva, Switzerland**
media@ifrc.org
ifrc.org